लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

Laxmi Sunrise Compass Application Form
लक्ष्मी सन्राइज कम्पास आवेदन फारम

To,
Laxmi Sunrise Bank Ltd.
.... Branch

Date: D D M M Y Y Y Y
मिति:

I/We hereby apply for Laxmi Sunrise Compass Service as per the details provided below.
म/हामी निम्न विवरणको आधारमा लक्ष्मी सन्राइज कम्पास सेवाका लागि आवेदन गर्दछु/गर्दछौं।

Customer Type (ग्राहकको प्रकार) : ☐ Retail (व्यक्तिगत) ☐ Corporate / Institutional (संस्थागत)

Bank Account(s) to be Linked:

Please provide the details of the account(s) to be viewed through Laxmi Sunrise Compass and specify the user(s) to whom access to each account is to be provided.

कृपया लक्ष्मी सन्राइज कम्पासमार्फत हेर्न चाहनुभएको खाता(हरू)को विवरण तथा प्रत्येक खाताको विवरण हेर्न अधिकार प्रदान गरिने प्रयोगकर्ता(हरू) उल्लेख गर्नुहोस्।

Account Name खाताको नाम	Account Number खाता नम्बर	Authorized User(s) आधिकारिक प्रयोगकर्ता(हरू)

A Board Resolution, Extract or Authorization Letter is mandatory for an institutional account/s.

संस्थागत खाताका लागि सञ्चालक समितिको निर्णय, निर्णयको उतार वा अधिकार प्रत्यायोजन पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

User Details (प्रयोगकर्ता विवरण)

Please provide the details of the user(s) to whom access to Laxmi Sunrise Compass is to be provided.
कृपया लक्ष्मी सन्राइज कम्पास सेवा प्रयोग गर्न अधिकार प्रदान गरिने प्रयोगकर्ता(हरू)को विवरण उल्लेख गर्नुहोस्।

Send OTP Via (OTP प्राप्त गर्ने माध्यम) : ☐ Email (इमेल) ☐ SMS (Applicable for Nepali Mobile No.) (नेपाली मोबाइल नम्बरका लागि मात्र)

Full Name (Authorized User) पूरा नाम (आधिकारिक प्रयोगकर्ता)	Mobile Number मोबाइल नम्बर	Email Address इमेल

- For entities requiring authorization from the Board, a duly approved Board Resolution or certified extract thereof shall be submitted. The resolution/authorization shall clearly specify the mobile number and email address of all users designated for receiving OTPs.

  सञ्चालक समितिको स्वीकृति आवश्यक पर्ने संस्थाको हकमा स्वीकृत सञ्चालक समितिको निर्णय (Board Resolution) वा निर्णयको प्रमाणित उतारा पेश गर्नुपर्नेछ। उक्त निर्णय/अख्तियारीमा OTP प्राप्त गर्न तोकिएका सबै प्रयोगकर्ताहरुको मोबाइल नम्बर तथा इमेल ठेगाना स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ।

- Where a user does not maintain an account with the Bank, a duly completed KYC form of the user shall be submitted.

  यस सेवाको प्रयोगकर्ताको बैंकमा खाता कायम नरहेको अवस्थामा निजको विधिवत् भरिएको KYC फाराम पेश गर्नुपर्नेछ।

I/We hereby authorize the Bank to process this application and make my/our account information, statements, and balances available through Laxmi Sunrise Compass. I/We confirm that all information provided in this application is true, accurate, and complete and agree to abide by the Terms and Conditions of the service stated overleaf. I/We authorize the Bank to debit my/our account maintained with the Bank for applicable subscription, renewal, or other charges relating to the service.

म/हामी यस आवेदनलाई प्रक्रिया अगाडि बढाउन तथा मेरो/हाम्रो खातासम्बन्धी जानकारी, खाता विवरण र मौज्दात लक्ष्मी सन्राइज कम्पासमार्फत उपलब्ध गराउन बैंकलाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं। यस आवेदनमा उपलब्ध गराइएका सम्पूर्ण विवरण सत्य, सही र पूर्ण रहेको पुष्टि गर्दै पृष्ठको पछाडिपट्टि उल्लेख गरिएका सेवाका नियम तथा शर्तहरू पालना गर्न म/हामी सहमत छु/छौं। यस सेवासँग सम्बन्धित लागू हुने सदस्यता, नवीकरण वा अन्य शुल्क/दस्तुर मेरो/हाम्रो बैंकमा रहेको खाताबाट कट्टा गर्न बैंकलाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं।

_______________________ (Authorized Signature) आधिकारिक हस्ताक्षर

_______________________ (Authorized Signature) आधिकारिक हस्ताक्षर

FOR BANK USE ONLY (बैंक प्रयोगको लागि मात्र)

☐ Board Resolution/ Authorization Letter Verified

☐ KYC of User(s) Verified

Authorized User(s) आधिकारिक प्रयोगकर्ता(हरू)	Customer ID (CIF) ग्राहकको परिचय नं.
1. ____________	____________
2. ____________	____________
3. ____________	____________
4. ____________	____________
5. ____________	____________

Verified By:
Name:
Staff ID:
Date:

Approved By:
Name:
Staff ID:
Date:

Remarks (If Any) :

Terms and Conditions
नियम तथा शर्तहरू

1. Service (सेवा)

Laxmi Sunrise Compass is a digital platform that enables customers to view account balances, account statements and to download statements for their linked accounts. The service does not support fund transfers or other financial transactions. The Bank may revise the service features, availability, or applicable fees/charges from time to time with prior notice to the customer. Continued use of the service shall constitute acceptance of such changes.

लक्ष्मी सन्राइज कम्पास एक डिजिटल प्लेटफर्म हो, जसबाट ग्राहकहरूले आफ्ना आबद्ध खाताहरूको मौज्दात तथा खाता विवरण हेर्न र खाता विवरण डाउनलोड गर्न सक्नेछन्। यस सेवामार्फत रकम स्थानान्तरण वा अन्य कुनै वित्तीय कारोबार गर्न सकिने छैन। बैंकले ग्राहकलाई पूर्वसूचना दिई समय-समयमा सेवाका सुविधाहरू, उपलब्धता वा लागू हुने शुल्क/दस्तुरमा परिवर्तन गर्न सक्नेछ। त्यस्तो परिवर्तनपछि सेवाको निरन्तर प्रयोगलाई ग्राहकले उक्त परिवर्तन स्वीकार गरेको मानिनेछ।

2. Eligibility and Account Linking (सेवा उपलब्धता तथा खाता आबद्धता)

This service is available only to customers of the Bank. Only the accounts specified in this application, or subsequently linked upon the customer's written request and approval in accordance with the Bank's internal procedures, shall be accessible through the service. Accounts belonging to another individual or entity may be linked only upon submission of appropriate authorization, such as an authorization letter or Board Resolution, as applicable.

यो सेवा बैंकका ग्राहकहरुका लागि मात्र उपलब्ध हुनेछ। यस आवेदनमा उल्लेख गरिएका खाताहरु वा ग्राहकको लिखित अनुरोध तथा बैंकको आन्तरिक प्रक्रिया बमोजिम स्वीकृति प्राप्त गरी पछि आबद्ध गरिएका खाताहरु मात्र यस सेवामार्फत हेर्न सकिनेछ। अन्य व्यक्ति वा संस्थाको खाता आबद्ध गर्नुपर्ने अवस्थामा, आवश्यकता अनुसार अख्तियारी पत्र वा सञ्चालक समितिको निर्णय (Board Resolution) जस्ता उपयुक्त आधिकारिक कागजात पेश गर्नुपर्नेछ।

3. Activation and Security (सेवा सक्रियता तथा सुरक्षा)

Upon approval of the application, an activation link shall be sent to the customer's registered email address. The link shall remain valid for the period specified by the Bank and may be used only once. If the link expires, the customer may request a new activation link through the Bank. The customer shall verify the required code and create a password in accordance with the Bank's applicable password and security policy. The customer shall keep the password confidential and change it from time to time in accordance with the Bank's security policy. The Bank shall never request the customer to disclose their password.

आवेदन स्वीकृत भएपछि ग्राहकको बैंकमा दर्ता भएको इमेल ठेगानामा सेवा सक्रिय गर्ने लिङ्क पठाइनेछ। उक्त लिङ्क बैंकले तोकेको अवधिसम्म मान्य हुनेछ र एक पटक मात्र प्रयोग गर्न सकिनेछ। लिङ्कको म्याद सकिएमा ग्राहकले बैंकमार्फत नयाँ लिङ्कका लागि अनुरोध गर्न सक्नेछ। ग्राहकले आवश्यक कोड पुष्टि गरी बैंकको पासवर्ड तथा सुरक्षा नियम अनुसार पासवर्ड बनाउनुपर्नेछ। ग्राहकले आफ्नो पासवर्ड गोप्य राख्नुपर्नेछ र बैंकको नियम अनुसार समय-समयमा परिवर्तन गर्नुपर्नेछ। बैंकले ग्राहकसँग कुनै पनि अवस्थामा पासवर्ड माग्दैन।

4. Authentication (सेवा सक्रियता तथा सुरक्षा)

The customer shall authenticate access to the service using OTP or such other authentication mechanism as prescribed by the Bank from time to time. Where OTP is used, it shall be sent to the customer's registered email address and/or mobile number. The customer shall keep the registered contact details up to date and shall not disclose the OTP or other authentication credentials to any person. The customer shall immediately notify the Bank of any suspected unauthorized access.

ग्राहकले OTP वा बैंकले समय-समयमा तोकेको अन्य प्रमाणीकरण माध्यम प्रयोग गरी सेवामा लगइन गर्नुपर्नेछ। OTP प्रयोग भएको अवस्थामा उक्त OTP ग्राहकको बैंकमा दर्ता भएको इमेल ठेगाना र/वा मोबाइल नम्बरमा पठाइनेछ। ग्राहकले आफ्नो दर्ता भएको सम्पर्क विवरण अद्यावधिक राख्नुपर्नेछ र OTP वा अन्य प्रमाणीकरणसम्बन्धी विवरण कुनै पनि व्यक्तिलाई दिनु हुँदैन। अनधिकृत पहुँच भएको शंका लागेमा ग्राहकले तुरुन्त बैंकलाई जानकारी गराउनुपर्नेछ।

5. Change of Details (विवरण परिवर्तन)

The customer shall ensure that the information provided to the Bank remains true, accurate, complete, and up to date. Any change to the registered mobile number, email address, OTP preference, or linked accounts shall be made upon the customer's written request and in accordance with the Bank's verification and authorization procedures.

ग्राहकले बैंकलाई उपलब्ध गराएको जानकारी सत्य, सही, पूर्ण तथा अद्यावधिक रहेको सुनिश्चित गर्नुपर्नेछ। दर्ता भएको मोबाइल नम्बर, इमेल ठेगाना, OTP प्राप्त गर्ने माध्यम वा आबद्ध खाताहरुमा कुनै परिवर्तन गर्नुपर्ने भएमा ग्राहकको लिखित अनुरोध तथा बैंकको प्रमाणीकरण र स्वीकृति प्रक्रिया बमोजिम मात्र परिवर्तन गरिनेछ।

6. Customer Responsibility and Indemnity (ग्राहकको जिम्मेवारी तथा क्षतिपूर्ति)

To the extent permitted by applicable law, the customer shall be responsible for any loss arising from the customer's fraud, negligence, misuse of the service, breach of these Terms and Conditions, failure to safeguard login credentials, or failure to promptly notify the Bank of suspected unauthorized access. The customer shall indemnify the Bank against any resulting losses, claims, costs, or liabilities.

प्रचलित कानूनले अनुमति दिएको हदसम्म, ग्राहकको ठगी, लापरवाही, सेवाको दुरुपयोग, यी नियम तथा शर्तहरुको उल्लङ्घन, लगइनसम्बन्धी विवरण सुरक्षित राख्न नसकेको वा अनधिकृत पहुँचको शंका भएमा बैंकलाई तत्काल जानकारी नगराएको कारणबाट उत्पन्न हुने क्षतिको जिम्मेवारी ग्राहकको हुनेछ। त्यस्ता कार्यका कारण बैंकलाई हुन सक्ने क्षति, दाबी, लागत वा दायित्वको क्षतिपूर्ति ग्राहकले गर्नुपर्नेछ।

7. Privacy and Use of Information

The Bank may collect, process, store, and use the customer's personal, account, transaction, device, and service-related information for providing the service, customer authentication, security, fraud prevention, risk management, and compliance with applicable laws and regulatory requirements, in accordance with the Bank's privacy policy.

बैंकको गोपनीयता नीति बमोजिम सेवा प्रदान गर्न, ग्राहक प्रमाणीकरण गर्न, सुरक्षा कायम गर्न, ठगी रोकथाम गर्न, जोखिम व्यवस्थापन गर्न तथा प्रचलित कानून र नियामकीय आवश्यकताहरु पालना गर्न बैंकले ग्राहकको व्यक्तिगत, खाता, कारोबार, उपकरण तथा सेवासम्बन्धी जानकारी सङ्कलन, प्रशोधन, भण्डारण तथा प्रयोग गर्न सक्नेछ।

8. Acceptable Use

The customer shall not make any technical or non-technical attempt to decompile, reverse-engineer, translate, convert, adapt, alter, modify, enhance, add to, delete, tamper with, or gain unauthorized access to any part of the service, website, or related software.

ग्राहकले सेवाको कुनै पनि भाग, वेबसाइट वा सम्बन्धित सफ्टवेयरलाई डिकम्पाइल, रिभर्स इन्जिनियर, अनुवाद, रुपान्तरण, परिवर्तन, सुधार, थपघट, मेटाउने, कुनै किसिमले छेडछाड गर्ने वा अनधिकृत रुपमा पहुँच प्राप्त गर्ने कुनै पनि प्राविधिक वा गैरप्राविधिक प्रयास गर्नु हुँदैन।

9. Service Availability

The Bank shall make reasonable efforts to ensure the availability of the service. However, the Bank shall not be responsible for delays, interruptions, or service unavailability caused by the internet, network, customer's device, or other circumstances beyond the Bank's reasonable control.

बैंकले सेवा उपलब्ध गराउन उचित प्रयास गर्नेछ। तथापि, इन्टरनेट, नेटवर्क, ग्राहकको उपकरण वा बैंकको उचित नियन्त्रण बाहिरका अन्य कारणबाट हुने ढिलाइ, अवरोध वा सेवा अनुपलब्धताका लागि बैंक जिम्मेवार हुने छैन।

10. Suspension and Termination

The customer may discontinue the service by providing written notice to the Bank. The Bank may suspend, restrict, or terminate the service upon closure of the linked account(s), withdrawal of the customer's authority to operate the account, the customer's death upon notification to the Bank, suspected unauthorized access or misuse, or where required for legal, regulatory, security, or risk-management reasons.

ग्राहकले बैंकलाई लिखित सूचना दिई सेवा बन्द गर्न सक्नेछ। आबद्ध खाता(हरू) बन्द भएमा, खाता सञ्चालन गर्ने ग्राहकको अख्तियारी फिर्ता भएमा, ग्राहकको मृत्यु भएको जानकारी बैंकलाई प्राप्त भएमा, अनधिकृत पहुँच वा सेवाको दुरुपयोग भएको शंका लागेमा वा कानूनी, नियामकीय, सुरक्षा वा जोखिम व्यवस्थापनसम्बन्धी कारणले आवश्यक भएमा बैंकले सेवा स्थगन, सीमित वा अन्त्य गर्न सक्नेछ।

11. Governing Law and Amendments

These Terms and Conditions shall be governed by the prevailing laws of Nepal, including the Electronic Transactions Act, 2063. The Bank may amend these Terms and Conditions as required by applicable laws, regulations, or regulatory directives. Where more than one customer is named in this application, all such customers shall be bound by these Terms and Conditions and shall be jointly and severally responsible for the use of the service and the obligations arising therefrom.

यी नियम तथा शर्तहरू विद्युतीय कारोबार ऐन, २०६३ लगायत नेपालको प्रचलित कानून बमोजिम लागू हुनेछन्। प्रचलित कानून, नियम वा नियामकीय निर्देशन बमोजिम आवश्यक भएमा बैंकले यी नियम तथा शर्तहरू संशोधन गर्न सक्नेछ। यस आवेदनमा एकभन्दा बढी ग्राहकको नाम उल्लेख भएको अवस्थामा, सबै ग्राहक यी नियम तथा शर्तहरूबाट बाध्य हुनेछन् र सेवाको प्रयोग तथा त्यसबाट उत्पन्न हुने दायित्वका लागि संयुक्त तथा व्यक्तिगत रूपमा जिम्मेवार हुनेछन्।

____________________	____________________
(Authorized Signature) आधिकारिक हस्ताक्षर	(Authorized Signature) आधिकारिक हस्ताक्षर